# स्थिति सूचक

वर्ष १३, अङ्क १

(२०७८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन


## गण्डकी प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

यस वर्ष सन् २०२४ को पहिलो त्रैमासिक (जनवरी देखि मार्चसम्म) मा गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ७९ जना पीडित भएको इन्सेकमा अभिलेख गरिएको छ । जुन अघिल्लो वर्षको तुलनामा बढेको देखिन्छ । अभिलेखित घटना अनुसार राज्यपक्षबाट एक जना पुरुष र अन्यपक्षबाट ३१ जना पुरुष र १ सय ४७ जना महिला गरी १ सय ७९ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट पीडित भए । पहिलो त्रैमासिक (जनवरी–मार्च २०२४) अवधिमा तीन जना महिला र एक जना पुरुष गरी चार जनाको हत्या भयो। यसै अवधिमा अन्यपक्षबाट कुटपिटका घटनामा एक जना पुरुष र एक जना महिला पीडित भए। अन्य पक्षबाटै भएको घटनामा १९ जना पुरुष र एक जना महिला घाइते भए । अमानवीय व्यवहारबाट नौ जना पुरुष र पाँच जना महिला पीडित भएका भए।

पहिलो त्रैमासिकको अवधिमा गण्डकी प्रदेशमा बालबालिकाविरुद्ध भएका हिंसाका घटनामा ३४ जना बालिका र दुई जना बालक गरी ३६ जना बालबालिका पीडित भए। जसमध्ये तीन जना बालिका र दुई जना बालकको बालविवाह गराइएको इन्सेकले अभिलेख गरेको छ।

यसै अवधिमा बलात्कार घटनाबाट १४ जना बालिका र यौन दुर्व्यवहार घटनाबाट ११ जना बालिका पीडित भएका छन्। एक जना बालिका बेचबिखनमा परेको इन्सेकको अभिलेखमा उल्लेख छ। त्यसैगरी विद्यालयमा दिइएको शारीरिक दण्ड सजायबाट दुई जना बालिका पीडित भए। एक जना बालिकामाथि विद्यालयमै दुर्व्यवहार भएको छ भने एक जना बालिकाले अभिभावले शिक्षाबाट वञ्चित गराएको भन्दै सम्बन्धित निकायमा पुगेकी छन्। त्यसैगरी यो अवधिमा एक जना नवजात शिशुको हत्या भएको इन्सेकले अभिलेख गरेको छ।

इन्सेकको अभिलेख अनुसार यस अवधिमा गण्डकी प्रदेशमा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारका घटनामा १ सय ३ जना महिला पीडित भए । जुन गतवर्षको पहिलो त्रैमासिकको तुलनामा बढेको देखिन्छ।

अभिलेखित घटना अनुसार यो अवधिमा

बलात्कारका घटनामा सात जना, बेचबिखनमा दुई जना, बहुविवाहबाट दुई जना र घरेलु हिंसाबाट ९२ जना महिला पीडित भएका छन्।

महिलाविरूद्धको हिंसामा घरेलु तथा पारिवारिक हिंसा प्रमुख छन् । घरपरिवारसँगै नजिकका आफन्त तथा चिनजानका व्यक्तिबाट महिला तथा बालबालिकाको हत्या, बलात्कार, बलात्कार प्रयास, जस्ता घटना भएको इन्सेकमा अभिलेख छ। पाँच वर्षीया बालिका देखि ६७ वर्षीया ज्येष्ठ नागरिक महिलासम्म बलात्कारबाट पीडित भएको घटनाले महिला तथा बालिका कतिसम्म असुरक्षित छन् भन्ने कुराको आँकलन गर्न सकिन्छ। साथै यस्ता आपराधिक घटनाहरूमा १२/१३ वर्षीय बालकहरूको संलग्नता चिन्ताजनक रहेको छ।

यस अवधिमा जनप्रतिनिधिमाथि कुटपिट तथा सामाजिक व्यक्तित्व तथा सरकारी कार्यालयका कर्मचारीहरू दुर्व्यवहारका घटनाबाट पीडित भएको पाइएको छ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुबिच राजनितिक विवादका कारण झडप भई विद्यार्थीहरु घाइते भएका छन्।

इन्सेक गण्डकी प्रदेशले हरेक तीन/तीन महिनामा समग्र मानव अधिकारका अवस्थालाई विश्लेषण गर्दै मानव अधिकार स्थिति सूचक प्रकाशन गर्दै आएको छ यो वर्षको पहिलो त्रैमासिकको अवस्थालाई हेर्दा गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू बढ्दो रहेको छ जसले गर्दा मानव अधिकारको अवस्था सन्तोष नरहेको आँकलन गर्न सकिन्छ । इन्सेक गण्डकी प्रदेश कार्यालय सरोकारवाला निकायलाई मानव अधिकारको सवालमा सम्वेदनशील बनाउनको लागि ध्यानाकर्षण गराउने तथा खबरदारी गराउने कार्यमा सदा तत्पर रहेको छ।

**शिव खकुरेल**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी-मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | १ | १ | १ | १८ | १९ | २० |
| कुटपिट | | | | १ | १ | २ | २ |
| बाल अधिकार | | | | ३४ | २ | ३६ | ३६ |
| अमानवीय व्यवहार | | | | ५ | ९ | १४ | १४ |
| हत्या | | | | ३ | १ | ४ | ४ |
| महिला अधिकार | | | | १०३ | | १०३ | १०३ |
| जम्मा | | १ | १ | १४७ | ३१ | १७८ | १७९ |

# गण्डकी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० असार १६ गतेदेखि असोज १३ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**अन्यपक्षबाट**

**म्याग्दी**

मालिका गाउँपालिका- ७ बिमकी ७० वर्षीया मनिषा गर्बुजा र ७ वर्षीया प्रियङ्का गर्बुजाको ०८० पुस २१ गते धारिलो ढु ा (छपनी) प्रहार गरी हत्या गरेको आरोपमा ४९ वर्षीय टेकप्रसाद रोकाविरुद्ध मृतकका छोरा टेकप्रसाद गर्बुजाले ०८० पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले पुस २१ गते नै गाउँबाट गिरफ्तार गऱ्यो। धारिलो ढु ा प्रहार हुँदा गम्भीर घाइते भएकी प्रियङ्का गर्बुजाको पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको म्याग्दीका प्रहरी नायब उपरीक्षक मदन कुँवरले बताए। प्रियङ्काकी हजुरआमा ७० वर्षीया मनिषा गर्बुजाको लुरवाङस्थित घटनास्थलमै मृत्यु भएको थियो। शवको पोष्टमार्टम पुस २१ गते बेनी अस्पतालमा गरी शव आफन्तको जिम्मा लगाइयो र सद्‌गत बेनीमा भयो। सोही घटनामा चिर्पट प्रहार हुँदा घाइते भएकी ६६ वर्षीया अमृता जुग्जालीको पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो। हजुरआमालाई दरवाङ-मराङ सडकमा रगताम्मे देखेपछि बचाउन गएकी प्रियङ्काको टाउकोमा छपनी प्रहार भएको थियो। मनिषाका छोरा र बुहारी खेतमा काम गर्न गएको समयमा घटना भएको थियो। हत्या र आक्रमणमा संलग्न भएका आरोपितको मानसिक सन्तुलन ठिक नभएको अनुसन्धानका क्रममा देखिएको प्रहरी नायब उपरीक्षक मदन कुँवरले बताए। आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ ११ गते हत्या कसुरमा मुद्दा दर्ता गरि सोही दिन पुर्पक्षका लागि थुनामा पठायो।

**बाल सुधार गृहमा झडप**

**कास्की**

पोखरा महानगरपालिका- १८ सराङकोट स्थित बालसुधार गृहमा बालकहरूबिच झडप हुँदा १५, १६ र १७ वर्षका तीन जना बालक घाइते भए। खाना खान लाइन बस्ने क्रममा फागुन ५ गते बाल सुधार गृहमा बालकहरू बिच विवाद हुँदा झडप भएको थियो। घाइते तीन जनाको मणिपाल शिक्षण अस्पतालमा उपचार भएपछि फागुन ६ गते पुनः सुधार गृह पुऱ्याइएको सुधार गृहकी मनोपरामर्शकर्ता ज्योति शर्माले बताइन्। बालकहरू बागलुङ, स्याङ्जा र म्याग्दी जिल्लाबाट विभिन्न बालबिज्याइ मुद्दामा सुधार गृह पुगेका थिए। बालकहरुको चोट सामान्य रहेकाले उपचारपछि सुधार गृह पठाइएको थियो। कुटपिटमा सम्लग्न १९ वर्षीय तीन जना बालकहरुलाई फागुन ९ गते नेपालगञ्ज पठाइएको थियो।

**दुर्व्यवहार**

**कास्की**

वडा प्रहरी कार्यालय रामबजारमा कार्यरत प्रहरी नायव निरीक्षक ४१ वर्षीय अनुप अर्याललाई सार्वजनिक स्थानमा सुरक्षाका लागि डिउटीमा खटिएको अवस्थामा ०८० पुस २३ गते पोखरा- १४ स्थित विपीमार्गको सार्वजनिक स्थानमा पोखरा मनपा-१४ विपीमार्ग बस्ने ४१ वर्षीय विष्णु काप्रीले गालीगलौज गर्नुका साथै हातपात गर्ने प्रयास गरी डिउटीमा बाधा अवरोध पुऱ्याएको भन्दै ०८० पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले माघ १० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा अभद्र व्यवहार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको माघ ११ गतेको इजलासले आरोपितलाई धरौटी माग्ने आदेश दिएको छ। धरौटी रकम अन्तिम आदेश पूर्णपाठ आउन बाँकी छ।

वडा प्रहरी कार्यालय रामबजारका प्रहरी नायव निरीक्षक अनुप अर्यालले ०८० पुस २६ गते पोखरा- १० रंगशाला गेट अगाडि अश्लिल शब्द बोली हो-हल्ला गरी अशान्ति मचाई रहेको र सम्झाई बुझाई गर्ने क्रममा उल्टै डिउटीमा खटिएको प्रहरीलाई गाली गलोज गरी, हातपात गर्ने प्रयास गरी डिउटीमा बाधा अवरोध पुऱ्याको भन्दै पोखरा मनपा- १० बस्ने ३२ वर्षीय शिवबहादुर कार्कीविरुद्ध

पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालय मार्फत माघ १० गते जिल्ला अदालत कास्कीमा अभद्र व्यवहार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको फागुन २९ गतेको इजलासले आरोपितलाई अभियोग पुष्टि भएको आदेश दिएको छ। यो घटनामा पूर्णपाठ आउन बाँकी छ।

पोखरा- १७ की २१ वर्षीया अञ्जु विकलाई ०८० माघ ३ गते पोखरा महानगरपालिका- १७ पावर हाउस स्थित सार्वजनिक सडक खण्डमा हिँडिरहेको अवस्थामा गाली गलोज, हातपात र अभद्र व्यवहार गरेको आरोपमा पोखरा महानगरपालिका- १७ पावर हाउस का २१ वर्षीय जेनिश भन्ने नारायण प्रसाद अधिकारी विरुद्ध माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीका आधारमा आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालय मार्फत माघ २४ गते जिल्ला अदालतमा अभद्र व्यवहार गरेको कसुरमा मुद्दा दर्ता भयो। न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको माघ २५ गतेको इजलासले दाबी पुग्ने फैसला गऱ्यो। पूर्णपाठ आउन बाँकी छ।

वडा प्रहरी कार्यालय बैदाममा कार्यरत प्रहरी नायव निरीक्षक ४६ वर्षीय महेन्द्र पौडेलले आफुलाई डिउटीमा खटिएको बेला ०८० माघ ११ गते पोखरा महानगरपालिका- ६ लेकसाइडमा सार्वजनिक स्थानमा विना कारण बाटो छेक्ने गाली गर्ने अपशब्द बोलेको भन्दै पोखरा महानगरपालिका- १२ माटेपानी बस्ने ३२ वर्षीय शिशिरविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिलको कार्यालय मार्फत माघ २६ गते जिल्ला अदालतमा अभद्र व्यवहार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश नवराज दाहालको माघ २८ गतेको इजलासले दाबी पुग्ने अन्तिम आदेश दियो। पूर्णपाठ आउन बाँकी छ।

वडा प्रहरी कार्यालय वैदामका प्रहरी नायव निरीक्षक महेन्द्रप्रसाद पौडेलले डिउडिमा खटिएको बेला ०८० फागुन ४ गते लेकसाइड फनपार्क स्थित सार्वजनिक स्थानमा हो–हाल्ला सहित सार्वजनिक अशान्ती मच्चाइरहेको सूचनाका आधारमा पुग्दा १७ वर्षीय र १५ वर्षीय बालकले उल्टै प्रहरीमाथि हातपात प्रयास गरी अभद्र व्यवहार गरेको भन्दै फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरुलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालत कास्कीमा फागुन ९ गते अभद्र व्यवहार कसरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको फागुन १० गतको इजलासले आरोपितहरूलाई दोषी ठहर गऱ्यो। पूर्णपाठ आउन बाँकी छ।

**लमजुङ**

राइनास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ४७ वर्षीय प्रकाशराज पौडेलमाथि ०८० माघ २१ गते नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले कार्यकक्षमै दुर्व्यवहार गरे। कर्मचारीहरुले विप्लव नेतृत्वको नेपाल कम्युनिट पार्टीका लमजुङ सेक्रेटरी ३५ वर्षीय रविन्द्र नखोलालाई पहिचान गरेको र अरु एकजनाको पहिचान गर्न नसकेको बताए। प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा आएर उनीहरूले आधा घण्टा कुरा गर्नु छ भनी समय मागेको र काम गरिरहेको समयमा एक्कासी हातपात र दुर्व्यवहार गरेको प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाका कर्मचारीहरुले बताए। कर्मचारीले घटनाको सत्य तथ्य छानविन गरी दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भय रहित वातावरणमा सेवा प्रवाह सुनिश्चितताका लागि सरकार समक्ष विज्ञप्ति जारी गरी माग गरेका थिए। विप्लव नेतृत्वको नेपाल कम्युनिट पार्टी लमजुङ-तनहुँ-गोरखा-मनाङ व्यूरो इन्चार्ज चुडामणि ओलीले हातपात नभइ भनाभन भएको भन्ने जानकारीमा आएको बताए। उनले पार्टीलाई बदनाम गराउने कार्य कर्मचारीबाट भएको आरोप लगाए। आरोपित विरुद्ध माघ २४ गते अदालतमा ज्यान मार्ने उद्योग कसुर शिर्षकमा मुद्दा दर्ता भएको तर कुटपिट गर्ने दुई जना फरार रहेको र खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी थानेश्वर चापाईले बताए। आरोपितहरु फरर भएकाले खोजी कार्य जारी रहेको छ।

## झडप

**लमजुङ**

लमजुङको सुन्दरबजारस्थित कृषि र पशु विज्ञान अध्ययन संस्थान लमजुङ क्याम्पसमा नेविसंघ र अनेरास्ववियुका विद्यार्थीबिच माघ २७ गते झडप हुदाँ कावासोतीका १८ वर्षीय टिकाराम ढकाल, पर्वतका १७ वर्षीय मदन रिजाल, ओखलढुङ्गाका २१ वर्षीय विराज सुवेदी, मकवानपुर हेटौडाका १९ वर्षीय वेदान्त घिमिरे, पाल्पाका १७ वर्षीय सुलभ वस्याल, धादिङका २२ वर्षीय सागर अधिकारी, चितवनका २० वर्षीय सुसिल पौडेल, महेन्द्रनगरका १९ वर्षीय सुरेश वस्ती, कपिलवस्तुका २१

वर्षीय विनोद थारु, स्याङ्जाका २३ वर्षीय विवश विक, महेन्द्रनगरका १८ वर्षीय दिपेश रोकाया, स्याङ्जाका २० वर्षीय शंकर भण्डारी, गुल्मीका १७ वर्षीय अर्पण महतार रहेका छन्। साथै कुटपिटमा सम्लग्न हुनेमा १९ वर्षीय विवेक सिंह, १७ वर्षीय आशिष पौडेल, २१ वर्षीय गोविन्द चौधारी, १८ वर्षीय सुरज भट्ट, २० वर्षीय राजेन्द्र विष्ट, १९ वर्षीय सतिस सिमखडा, १९ वर्षीय सुनिल बस्नेत, २१ वर्षीय ध्रुव साउत, १८ वर्षीय अर्यान भट्ट, १९ वर्षीय गोकुल भट्ट, २० वर्षीय टर्कराज जोशी, १९ वर्षीय सन्दिप श्रेष्ठ, २० वर्षीय हिमाल रसाईली घाइते भए। माघ २७ गते क्याम्पस बाहिर खाना खाएर फर्किरहेका अनेरास्ववियुका विद्यार्थीहरु छात्रावास प्रवेश गर्न लागेको समय नेविसंघ समर्थित विद्यार्थीले लखेटेर आक्रमण गरेको अनेरास्ववियु समर्थित वद्यार्थीहरुले बताए। आक्रमणमा फलामे रड र क्रिकेटको व्याटलगायत प्रयोग भएको र भागेर छतमा गएकालाई छतबाटै उचालेर फालेको अनेरास्ववियुका विद्याथीहरुले बताए। घाइते वद्यार्थीलाई सम्हालेर लाने क्रममा क्याम्पसका निमित्त प्रमुख अमित खनाल पनि सामान्य घाइते भएका थिए। घाइतेहरूलाई उपचारको लागि सुन्दरबजारस्थित नमुना सामुदायिक अस्पताल लगिएकोमा उक्त अस्पतालमा उपचार हुन नसकी चार जनालाई पोखरा र चितवन रिफर गरिएको बताए। विद्यार्थी मदन रिजाल र बेदान्त घिमिरेको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो। विराज सुवेदी र टिकाराम ढकालको चितवन मेडिकल कलेज भरतपुर चितवन लगिएको क्याम्पसले जनायो। निमित्त क्याम्पस प्रमुख खनालका अनुसार अन्य भने सामान्य उपचार पछि सोही दिन घर फर्केका छन्। खनालका अनुसार क्याम्पसमा फागुन ८ गतेदेखि बीएसएजीको कक्षा सुरु गर्ने तयारी थियो। विद्यार्थी भर्नाको विषयलाई लिएर घटना भएको हुन सक्ने उनले बताए। क्याम्पसले विद्यार्थीलाई सस्पेन्स गर्न खोज्दा नेपाल विद्यार्थी संघले  विरोध गर्दै गत चैत १६ गतेबाट क्याम्पस बन्द गरेकाले क्याम्पसले विद्यार्थी तथा विद्यार्थीको परिवार बोलाएर सम्झाई बुझाई गराइ आगामि दिनमा यस्ता गतिविधि नदोहोऱ्याउने सर्तमा क्यापसमा पठन पाठन गर्ने अनुमति दिइयो।

### अमानवीय व्यवहार

**बाग्लुङ**

बडिगाड गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख बडिगाड गाउँपालिका- ९ बलघाटका ४५ वर्षीय विपेन्द्र केसीले आफुलाई ०८० माघ ७ गते क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका बागलुङ जिल्ला संयोजक ताराखोला

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२४)**

| | |
|---|---|
| बलात्कार | १४ |
| विद्यालयमा शारीरिक सजाय | ३ |
| बेचबिखन तथा ओसारपसार | १ |
| यौन दुर्व्यवहार | ११ |
| बालविवाह | ५ |
| जम्मा | ३३ |

गाउँपालिका- ७ भुस्कातका ४४ वर्षीय प्रविण भन्ने पूर्णबहादुर गुरुङले कार्यालय हिँडेको समयमा मोसो दलेको भन्दै माघ ८ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिए। प्रहरीले आरोपित गुरुङलाई माघ १७ गते उनकै गाउँबाट गिरफ्तार गऱ्यो। माघ १८ गते जिल्ला प्रशासन कार्यालय बागलुङमा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा तथा नैतिकता विरुद्धको कसुर शिर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान गरेकोमा माघ २५ गते १ हजार रुपैयाँ धरौटीमा रिहा भए।

मेडिकल व्यवसायी दुर्गा प्रसाईमाथि ०८० माघ ५ गते आक्रमण गरेको आरोपमा बागलुङ नगरपालिका- ७ का ३७ वर्षीय रामकान्त गौतमलाई जिल्ला प्रहरी कार्यालय बागलुङले  सोही दिन बागलुङ नगरपालिका-२ लोकतान्त्रीक चोकबाट गिरफ्तार गऱ्यो। सार्वजनिक कार्यक्रममा सम्बोधन गर्न बागलुङ आएका प्रसाईंमाथि गौतमले चप्पल प्रहार गरेका थिए। गौतमलाई गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयबाट अभद्र व्यवहार घटनामा

तीन दिन म्याद थप गरी घटनामाथि अनुसन्धान पश्चात् माघ ८ गते रिहा गऱ्यो।

### बाल अधिकार

### बलात्कार, यौन दुर्व्यवहार

**गोरखा**

१४ वर्षीया बालिकालाई ०८० माघ १९ गते बलात्कार गरेको भन्दै शहिद लखन गाउँपालिका- ६ ज्यामीस्वाराका ५५ वर्षीय मिनबहादुर थापाविरुद्ध पीडितकी आमाले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरेपितलाई प्रहरीले माघ २१ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २१ गते गोरखा अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ २२ गते बलात्कार कसुर शिर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

१२ वर्षीया बालिकालाई ०८० फागुन २ गते बलात्कार गरेको आरोपमा बारपाक सुलिकोट गाउँपालिका- ४ सौरपानी घुन्चोकका ६० वर्षीय बुद्धिमान विक भनिने बुदबल सुनारविरुद्ध पीडितका बुवाले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन ६ गते जिल्ला अदालतमा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

११ वर्षीया बालिकालाई ०८० फागुन ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा गण्डकी गाउँपालिका- २ का ३७ वर्षीय आशिष चेपाङलविरुद्ध पीडितका बुबाले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ९ गते गिरफ्तार गऱ्यो। यौन दुर्व्यवहारमा सहयोगी भुमिका खेलेको भन्दै सोहि ठाउँका २३ वर्षीय इश्वर चेपाङलाई पनि प्रहरीले फागुन ९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ९ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपित दुवै जनाविरुद्ध फागुन १० गते जिल्ला अदालतमा बलात्कार प्रयास कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ५ गतेको आदेशले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

१२ वर्षीया बालिकालाई ०८० फागुन १ गते देखि ६ गतेसम्म बलात्कार गरेको आरोपमा चितवन जिल्ला भरतपुर महानगरपालिका- १८ घर भइ हाल काठमाडौं महानगरपालिका-४ वालुवाटार बस्ने ३२ वर्षीय प्रदिप लामा लोप्चनविरुद्ध पीडितका आफन्तले फागुन १० गते जिल्ला प्रहरी परिसर, महिला बालवालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र कालिमाटी काठमाडौंमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १२ गते काठमाडौंको बालुवाटारबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १४ गते गोरखा अस्पतालमा भयो। पीडित बालिकालाई माघ २१ गते काठमाडौबाट भगाई गोरखाको पालुङटार नगरपालिका-५ ल्याएर बलात्कार गरेको पीडितका आफन्तले बताए। लामालाई जाहेरी दरखास्त सहित काठमाडौं प्रहरीले फागुन १४ गते गोरखा पठायो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालत गोरखामा बलात्कार कसुर शिर्षकमा फागुन १४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

७ र ९ वर्षीया बालिकालाई ०८० फागुन ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा गोरखा नगरपालिका- १४ सलाङ्गिरिका ५७ वर्षीय दलबहादुर विश्वकर्मा विरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाहरुको स्वास्थ्य परीक्षण फागुन १० गते गोरखा अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले फागुन ११ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

१५ वर्षीया बालिकालाई ०८० चैत २ गते यौन दुर्व्यवहार गरेको आरोपमा गोरखा नगरपालिका- ६ ढाँडगाउँका १९ वर्षीय विक्रम विकविरुद्ध पीडितकी आमाले चैत २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत २ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ३ गते जिल्ला अदालत गोरखामा बाल यौन दुर्व्यवहार कसुर शिर्षकमा मुद्दा दर्ता गरी म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको डिएसपी रमेश कुमार श्रेष्ठले बताए। यो घटना अनुसन्धानकै क्रममा छ।

५ वर्षीया बालिकालाई चैत ८ गते बलात्कार गरेको आरोपमा १२ वर्षीय बालक विरुद्ध पीडितकी आमाले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी

दिइन्। बालकलाई प्रहरीले प्रहरीले चैत ९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ९ गते गोरखा अस्पतामा भयो। प्रहरीले आरोपित बालक विरुद्ध चैत १२ गते बलात्कार कसुर शिर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गरी निगरानी कक्षमा राखी अनुसन्धाानका लागि म्यादथप अनुमति लिएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी रमेश कुमार श्रेष्ठले बताए। यो घटना अनुसन्धानको क्रममा छ।

१३ वर्षीया बालिकालाई ०८० चैत १० गते यौन दुर्व्यवहार गरेको आरोपमा गोरखा नगरपालिका- १० विरिञ्चोकका २२ वर्षीय मदन थापाविरुद्ध पीडित बालिकाकी आमाले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ११ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध चैत १२ गते जिल्ला अदालत गोरखामा बलात्कार प्रयास कसुर शिर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी रमेश कुमार श्रेष्ठले बताए। यो घटना अनुसन्धानको क्रममा छ।

१७ वर्षीया बालिकालाई ०८० माघ ४ गते विद्यालय परिसर भित्र पसि दुर्व्यवहार गरेको आरोपमा गोरखा नगरपालिका- १० का २० वर्षीय मदन थापा मगरविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकालाई गोरखा नगरपालिका- १० विरेन्चोक स्थित रत्नराज्य माध्यमिक विद्यालयको परिसर भित्र कक्षा सञ्चालन भइरहेको अवस्थामा मदन थापा मगरले अनाधिकृत रुपमा प्रवेश गरी गालीगलौज तथा हातपात गरी दुर्व्यवहार गरेको पीडित बालिकाले बताइन्। घटनाको बारेमा विद्यालयले माघ ५ गते प्रहरीलाई जानकारी गराएपछि आरोपितलाई गिरफ्तार गरेको डिसपी रमेश कुमार श्रेष्ठले बताए। थापा विरुद्ध माघ ८ गते जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहार शिर्षकमा मुद्दा दर्ता गरी म्याद थप गर्न अनुमति लिएर घटनाको अनुसन्धान भइरहेको डिसपी रमेश कुमार श्रेष्ठले बताए। अरोपित थापा माघ १४ गते तारिखमा रिहा भए।

**कास्की**

१५ वर्षीया बालिकालाई ०८० फागनु २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय कास्कीले पोखरा- ८ सभागृह बस्ने ४६ वर्षीय सुरेश श्रेष्ठविरुद्ध पीडित पक्षले फागुन २८ गते उजुरी दिए। मौखिक उजुरीका आधारमा आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २८ गते स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। श्रेष्ठलाई गिरफ्तार गरी बालबालिका विरुद्ध यौन दुर्व्यवहार कसुरमा कास्की जिल्ला अदालतबाट म्याद थप भइ अनुसन्धान भइरहेको छ। घटना अनुसन्धानकै क्रममा छ।

९ वर्षीया बालिकालाई ०८० पुस २६ गते बलात्कार गरेको भन्दै मादी गाउँपालिका- ७ पाखीकोट बस्ने २३ वर्षीय विकास गुरुङ विरुद्ध बालिकाकी आमाले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण पुस २७ गते स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपित विरुद्ध प्रहरीले सरकारी वकिलको कार्यालय मार्फत माघ २१ गते जिल्ला अदालमा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २२ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

१७ वर्षीया मानसिक अपाङ्गता भएकी बालिकालाई पटक पटक र बलात्कार गरेको भन्दै माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोक बस्ने ३० वर्षीय कृष्ण परियारविरुद्ध पीडित बालिकाकी आमाले जिल्ला प्रहरी कार्यालय कास्कीमा माघ ८ गते उजुरी दिइन्। छोरीले माघ ८ गते एक्कासी पेट दुख्यो भनेको र चेकजाँच गर्दा १३ हप्ता ३ दिनको गर्भ रहेको पत्ता लागेपछि छोरीसँग सोधखोज गर्दा कृष्ण परियारले एक वर्षदेखि बलात्कार गर्दै आइरहेको पत्ता लागेको थियो। उजुरीका आधारमा आरोपितलाई प्रहरीले माघ ९ गते गिरफ्तार गऱ्यो। बालिका मानसिक अपाङ्गता भएकी भएकी हुनाले अन्तिम पटक बलात्कार गरेको मिति यकिन गर्न नसकिएको डिएसपी श्रवण बिकले बताए। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिलको कार्यालय मार्फत फागुन २ गते जिल्ला अदालतमा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३ गतेको आदेशले परियारलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

१५ वर्षीया बालिकालाई ०८० माघ १२ गते यौन दुर्व्यवहारे गरेको भन्दै पोखरा मनपा- २७ तालचोकका २३ वर्षीय रोशन विक भनिने रोशन विश्वकर्मा विरुद्ध बालिकाकी आमाले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १४ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ १३ गते गण्डकी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालत कास्कीमा फागुन १० गते यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२४)

| | |
|---|---|
| बलात्कार | ७ |
| घरेलु हिंसा | ९२ |
| बहुविवाह | २ |
| बेचबिखन तथा ओसारपसार | २ |
| जम्मा | १०३ |

दाहालको ०८० फागुन ११ गतेको इजलासले आरोपितलाई धरौटीमा छाड्न आदेश दियो। पूर्णपाठ आउन बाँकी छ।

५ वर्षीया बालिकालाई ०८० माघ २९ गते यौन दुर्व्यवहार गरेको भन्दै पोखरा मनपा- ४ सिद्धार्थचोक बस्ने ४६ वर्षीय विश्नाथ पासवान विरुद्ध बालिकाको अभिभावकले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ २९ गते गण्डकी अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदातलमा ०८० फागुन २२ गते यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको फागुन २३ गतेको इजलासले आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश दियो। अन्तिम आदेश आउन बाँकी छ।

**लमजुङ**

१२ वर्षीया बालिकालाई ०८० चैत १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा राइनास नगरपालिका- ८ का ३२ वर्षीय अमृतबहादुर अधिकारीविरुद्ध पीडित पक्षले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत १४ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १३ गते जिल्ला अस्पतामा भयो। प्रहरीले आरोपित विरुद्ध यौन दुर्व्यवहार कसुरमा चैत १४ गते जिल्ला अदालतबाट सात दिनको म्याद थप गरि थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यलय लमजुङका प्रहरी निरिक्षक थानेश्वर चपाईंले बताए। घटना अनुसन्धानकै क्रममा छ।

**तनहुँ**

१४ वर्षीया छोरीलाई ०८० माघ ८ गते राती आफ्नै घरमा बलात्कार गरेको आरोपमा ७२ वर्षीय पुरुष विरुद्ध पीडितकी आमाले माघ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १६ गते दमौली अस्पतालमा भयो। आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालयले फागुन २ गते हाडनातामा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३ गते आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

१७ वर्षीया बालिकालाई ०८० चैत १२ गते बलात्कार गरेको आरोपमा लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका-१ जितबेसी घर भई हाल व्यास नगरपालिका-१० डिहिगाउँ बस्ने ३० वर्षीय रघु विक विरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०८० चैत १६ गते उनकै डेराबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १६ गते दमौली अस्पतालमा भयो। आरोपितलाई गिरफ्तार गरी सात दिनको म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखाका इन्स्पेक्टर मोहन खड्काले बताए। आरोपितलाई अनुसन्धानको लागि जिप्रकाको थुनामा राखिएको छ।

**नवलपरासी पूर्व**

५ वर्षीया बालिकालाई २०८० फागुन ४ गते बलात्कार गरेको भन्दै १४ वर्षीय र १३ वर्षीय बालक विरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन ८ गते उजुरी दिए। प्रहरीले आरोपितहरुलाई सोही दिन उनकै घरबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन ८ गते मध्यविन्दु जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २९ गते जिल्ला अदालतमा बलात्कार

कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३० गतेको आदेशले १४ वर्षीय आरोपितलाई पोखरा बाल सुधार गृहमा पठाइएको छ भने, १३ वर्षीय बालकलाई संरक्षकको जिम्मा लगाइएको छ।

१५ वर्षीया बालिकालाई २०८० फागुन १२ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०८० फागुन २३ गते उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन उनकै घरबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २३ गते जिल्ला अस्पतालमा भयो। आरोपित विरुद्ध अनुसन्धानको लागि म्याद थप गरी अनुसन्धान भइरहेको छ। घटना अनुसन्धानकै क्रममा रहेको छ।

९ वर्षीया बालिकालाई २०८० पुस २१ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा चैत ९ गते उजुरी दिए। प्रहरीले आरोपितलाई चैत ९ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पतालमा भयो। घटना अनुसन्धानकै क्रममा रहेको छ।

**स्याङ्जा**

९ वर्षीया बालिकालाई ०८० माघ १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा पुतलीबजार नगरपालिका- १० राङ्घोला बस्ने ३० वर्षीय लेखबहादुर जिटिविरुद्ध बालिकाका अभिभावकले माघ २२ गते मौखिक र २३ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जामा लिखित उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २२ गते मौखिक उजुरीका आधारमा पोखरा महानगरपालिका- ९ कास्कीबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ २३ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत फागुन १७ गते बाल यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। अभिलेख नम्बर ८

**पर्वत**

१३ वर्षीया बालिकालाई ०८० पुस २० गते बलात्कार गरेको भन्दै ६१ वर्षीय पुरुष विरुद्ध पीडित बालिकाका आफन्तले फागुन २१ गते जिल्ला प्रहरी कार्यालय पर्वतमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन २१ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २१ गते पर्वत अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय पर्वत मार्फत चैत ६ गते बलात्कार कसुर शिर्षकमा मुद्दामा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० माघ २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा जलजला गाउँपालिका- ७ धाइरिङका २३ वर्षीय राजेश नेपालीविरूद्ध पीडित पक्षले माघ २५ गते मौखिक र माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २९ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २९ गते पर्वत अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिल कार्यालय मार्फत पर्वत जिल्ला अदालतमा फागुन २० गते यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८० माघ १९ गते बलात्कार गरेको भन्दै बर्दिया जिल्ला गुलरिया नगरपालिका- ४ स्थायी घर भई हाल पर्वत जिल्ला पैञ्यु गाउँपालिका- ४ हुवास बस्ने २३ वर्षीय सुमन चौधरीविरुद्ध पीडित पक्षले माघ २० गते पैञ्यु गाउँपालिका- ४ हुवासमा रहेको हुवास प्रहरी चौकीमा उजुरी दिए। उजुरी पश्चात् थप अनुसन्धानका लागि हुवास प्रहरी चौकीले उक्त उजुरी सोही मितिमा जिल्ला प्रहरी कार्यालय पर्वतमा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २० गते पर्वत अस्पतालमा भयो। आरोपित हालसम्म फरार रहेका छन्।

**वाग्लुङ**

१३ वर्षीया बालिकालाई ०८० माघ १० गते बलात्कार गरेको भन्दै काठेखोला गाउँपालिका- ८ लेखानी घर भई हाल निसीखोला बस्ने ४१ वर्षीय होमबहादुर पुन विरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय बागलुङमा माघ २२ गते उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २२ गते निसीखोलाबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २२ गते धौलागिरी अस्पताल बागलुङमा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत ०८० फागुन १५ गते जिल्ला अदालत बागलुङमा बलात्कार कसुर शिर्षकका मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बालविवाह

**स्याङ्जा**

१६ वर्षीया बालिका र १७ वर्षीय बालकको माघ १९ गते बालविवाह गर्न लागेको भन्दै बालिकाको बुवाले

बालक र बालकको परिवारविरुद्ध बालविवाह कसुरमा माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालकका बुवा, विवाह गराउने पण्डित, बालक र बालिकालाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। बालिका माघ १२ गते घरबाट हराएको भन्दै बालिकाकी आमाले सोहि दिन जिल्ला प्रहरी कार्यालय स्याङ्जामा उजुरी दिएकी थिइन्। बालिका हराएको अनुसन्धान गर्दा पुतलीबजार नपा- ४ का १७ वर्षीय बालकसँग विवाह हुन लागेको जिल्ला प्रहरी कार्यालयमा सूचना आएको थियो। उक्त सूचनाका आधारमा प्रहरीले दुवैजनालाई गिरफ्तार गऱ्यो। प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले बेहुली भित्राउन केही समय बाँकि रहँदा दुवैलाई गिरफ्तार गरेको बताए। उक्त घटनामा विवाह गराउने पण्डितलाई पनि प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत फागुन ६ गते जिल्ला अदालतमा बालविवाह कसुरमा मुद्दा दर्ता भयो। जिल्ला अदालतको फागुन ८ गतेको आदेशले बालविवाह गराउनेलाई १० हजार, पण्डितलाई १० हजार, बालकलाई ३० हजार, बालिकालाई २० हजार रुपियाँ धरौटि तोकेकोमा तोकिएको धरौटी रकम जिल्ला अदालतमा बुझाएर रिहा भए।

**तनहुँ**

विवाह गर्न भनी व्यास नगरपालिका- ५ स्थित परासर आश्रमको मन्दिरमा पुगेका बारा जिल्लाका २० वर्षीय युवक र खोटाङ जिल्लाकी १८ वर्षीया बालिकालाई प्रहरीले चैत १२ गते गिरफ्तार गऱ्यो। विवाह गर्न मन्दिरमा पुगेका उनीहरुले सोही मन्दिरमा घुम्दै गएका तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीलाई यो मन्दिरमा विवाह गर्न पाइन्छ भनेर सोधेपछि सहायक प्रजिअ भण्डारीले उमेर कति भयो भनेर सोध्दा बालिकाले १८ वर्ष भयो भनेपछि सहायक प्रजिअ भण्डारीले प्रहरीलाई खबर गरेका थिए। प्रहरी आई दुवैजनालाई गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालय लगेको सहायक प्रजिअ भण्डारीले बताए। २० वर्ष नपुगिकन विवाह गर्न नपाउने कानुन भएको कारण उनीहरुलाई नियन्त्रणमा लिई अभिभावक बोलाएर चैत १४ गते जिम्मा लगाएर पठाइएको एसपी बोहोराले बताए। यस घटनामा थप कारवाही नभएको जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखाका इन्स्पेक्टर मोहन खड्काले बताए। अभिलेख नम्बर १४

**बागलुङ**

१४ वर्षीया बालिका र १६ वर्षीय बालकको ०८० माघ २ गते विवाह गरिदिएको आरोपमा बालकका आमा ४८ वर्षीया र बालिकाका आमा ४५ वर्षीया महिला विरुद्ध स्थानीय जनप्रतिनिधिले ०८० माघ ४ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिए। प्रहरीले महिलाहरु र दुवै बालक र बालिकालाई ०८० माघ ४ गते गिरफ्तार गऱ्यो। माघ २ गते विवाह गरी माघ ३ गते विवाहको भोज गर्ने क्रममा हो-हल्ला भएपछि प्रहरी पुग्दा बालबालिकाको विवाह गरिएको पाइएपछि प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको थियो। जिल्ला प्रहरी कार्यालय बागलुङमा माघ ४ गते बालविवाह कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रहरीले उनीहरूविरुद्ध माघ १४ गते जिल्ला अदालत बागलुङमा बालविवाह गरे गराएको कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३० गतेको आदेशले आरोपितहलाई अभियोग दावी पुग्ने ठहर गऱ्यो। फैसलाको पूर्ण पाठ आउन बाँकी रहेको र सजाय निर्धारण बाँकी रहेको छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

**कास्की**

१५ वर्षीया बालिका र २१ र २५ वर्षीया दुई महिलालाई २०८० पुस १९ गते बेचबिखन गरेको आरोपमा पीडित पक्षले पोखरा मनपा– ९ पृथ्वीचोकका २९ वर्षीय प्रविण गुरुङ, काठमाडौं शंखमुलका २३ वर्षीय निर्मल मल्ल र पोखरा महानगरपालिका- १७ का २६ वर्षीय राजेश ठकुरी र पोखरा महानगरपालिका- ८ बस्ने केशव भुजल विरुद्ध पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिका तथा महिलाको स्वास्थ्य परीक्षण सोही दिन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितहरुलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। पोखरा मनपा- ८ जाल्पारोडमा रहेको काभ्रेली खाजा घरका सञ्चालकले सुरुमा समस्यामा परेका बालिका तथा महिलालाई आफ्नो होटलमा ल्याएर सरसफाइको काम लगाएर पछिल्लो समय यौन व्यवसायमा लगाउँदै आएको बालिका तथा महिलाले बताए। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसुरमा जिल्ला अदालतमा माघ १५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको माघ २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### गोरखा

२२ वर्षीया महिलालाई ०८० फागुन १५ गते बलात्कार गरेको आरोपमा गोरखा नगरपालिका- ११ वाह्रकिलोका ४१ वर्षीय इश्वर बस्नेतविरुद्ध पीडित महिलाले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १८ गते घर नजिकैबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १८ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन २० गते जिल्ला अदालत गोरखामा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

३२ वर्षीया शारीरिक तथा मानसिक अपाङ्गता भएकी महिलालाई ०८० फागुन २९ गते बलात्कार गरेको आरोपमा आरुघाट गाउँपालिका- ८ रातमाटेका ४० वर्षीय चित्रबहादुर थापा विरुद्ध पीडितको आमाले फागुन २९ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ३० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन ३० गते जिल्ला अदालतमा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गरी घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसमी रमेश कुमार श्रेष्ठले बताए। घटना अनुसन्धानमै रहेको।

### कास्की

१९ वर्षीया महिलालाई ०८० माघ १२ गते बलात्कार गरेको भन्दै पोखरा महानगरपालिका- १५ बस्ने ४४ वर्षीय नगेन्द्र विश्वकर्मा विरुद्ध पीडित महिलाले माघ १३ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गर्‍यो। महिलाको स्वास्थ्य परीक्षण ०८० माघ १३ गते स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपित विरुद्ध प्रहरीले सरकारी वकिलको कार्यालयमा मार्फत माघ २९ गते बलात्कार कसुर शिर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र शर्माको ०८० फागुन १ गतेको इजलासले आरोपितसँग धरौटी माग गर्ने आदेश दियो। धरौटी रकम अन्तिम आदेशको पूर्णपाठमा थाहा हुनेछ।

### तनहुँ

पूर्ण अपाङ्गता भएकी ४६ वर्षीया महिलालाई ०८० माघ १३ गते बलात्कार गरेको आरोपमा शुक्लागण्डकी नगरपालिका- १० खोरादीका २७ वर्षीय प्रकाश विक विरुद्ध पीडितको परिवारले माघ १३ गते इलाका प्रहरी कार्यालय बेलचौतारामा उजुरी दिए। आरोपितलाई प्रहरीले ०८० माघ २० गते उनकै घरबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते दमौली अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन ८ गते बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन।

### नवलपरासी पूर्व

१८ वर्षीया मानसिक अपाङ्गता भएकी महिलालाई २०८० पुस २७ गते बलात्कार गरेको भन्दै हुप्सेकोट गाउँपालिका-३ जुल्पेटार निवासी ७० वर्षीय एकराज रेग्मी विरुद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाले माघ १९ गते मात्रै आफ्नी आमालाई घटना बारेमा बताएपछि परिवारले माघ २३ गते प्रहरीमा मौखिक उजुरी दिएका थिए। प्रहरीले आरोपितलाई माघ २३ गते घरबाट नै गिरफ्तार गर्‍यो। तर प्रहरीले उजुरी दर्ता गर्न नमानेपछि इन्सेक गण्डकी प्रदेश कार्यालयको पहलमा प्रहरीले माघ २८ गते उजुरी दर्ता गर्‍यो। महिलाको स्वास्थ्य परीक्षण माघ २७ गते मध्यबिन्दु जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत्  फागुन २१ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतको फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया मानसिक अपाङ्गता भएकी महिलालाई बलात्कार गरेको आरोपमा विनयी त्रिवेणी गाउँपालिका- १ निवासी ६२ वर्षीय सुकबहादुर बि.क विरुद्ध पीडितको परिवारले २०८० फागुन १८ गते प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले २०८० फागुन १८ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडित मानसिक अपांगता भएको हुनाले घटना कहिले भएको हो भनेर भन्न नसकेको जिल्ला प्रहरी कार्यालय नवलपुरका डीएसपी साजन शर्माले बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १८ गते मध्यविन्दु जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत १५ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६७ वर्षीया ज्येष्ठ नागरिक महिलालाई २०८० चैत्र १ गते बलात्कार गरेको भन्दै बौदिकाली गाउँपालिका-

१ बस्ने ४१ वर्षीय तिल बहादुर माकिमविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०८० चैत २ गते उजुरी दिए। प्रहरीले आरोपितलाई चैत ३ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण चैत्र ३ गते जिल्ला अस्पतालमा भयो। घटना अनुसन्धानकै क्रममा रहेको छ।

**वाग्लुङ**

१९ वर्षीया महिलालाई माघ ७ गते बलात्कार गरेको भन्दै निसीखोला गाउँपालिका- ५ का २२ वर्षीय अर्जुन भुषालविरुद्ध पीडित पक्षले ०८० माघ १९ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा लिखित उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २० गते निसीखोलाबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १९ गते धौलागिरी अस्पताल बागलुङमा भयो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालय मार्फत ०८० फागुन १३ गते जिल्ला अदालत बागलुङमा बलात्कार कसुर शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## पारिवारिक हत्या

**नवलपरासी पूर्व**

हुप्सेकोट गाउँपालिका - ६ बस्ने ३४ वर्षीया चनिसरा लम्का मगरलाई २०८० माघ ७ गते धारिलो हतियार कोदालो र खुर्पाले प्रहार गरी हत्या गरेको आरोपमा ३३ वर्षीय पति शेरबहादुर लम्का मगरविरुद्ध मृतकको माइती पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। मृतक नौ महिनाकी गर्भवती समेत रहेकी थिइन। परिवारमा पति पत्नीसहित चारजना छोरीहरू रहेको र राति सबै सँगै सुतेको अवस्थामा घटना भएको थियो। प्रहरीले शेरबहादुरलाई माघ ८ गते घटना स्थलबाटै गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम माघ ७ गते मध्यबिन्दु अस्पतामा गरी शव परिवारको जिम्मा लगाइयो। शवको सद्गत माघ ७ गते बिरुखर्क स्थित चिहानडाँडामा गरियो । प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन ३ गते जिल्ला अदालतमा कर्तव्य ज्यान कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**गण्डकी प्रदेशद्वारा प्रकाशित**
**सल्लाहकार** : शिव खकुरेल, **संयोजन/सम्पादन** : रेनुका बिक, **व्यवस्थापक** : मधु पन्थी
पोखरा महानगरपालिका–८ ज्ञानकुञ्ज मार्ग, कास्की, फोन : ०६१–५३३३६६
**Email:** pokhara@insec.org.np, **Website:** www.inseconline.org